निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref: ७७/०८६१०८८

मिति:२०७७/०७/२०

विषय :- त्रैमासिक (२०७७ श्रावण, भाद्र र असोज महिनासम्म) प्रगति विवरण सम्बन्धमा ।

२०७७ श्रावण, भाद्र र असोज महिनासम्म निर्वाचन आयोगबाट सम्पादित देहायका कार्यहरुको विवरण सबैको जानकारीको लागि सार्वजानिक गरिएको छ ।

१. आयोगको आर्थिक वर्ष २०७७/७८ को बार्षिक स्वीकृत कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्न गराउन छलफल गरिएको ।
२. आर्थिक वर्ष २०७६/७७ को वार्षिक प्रगति विवरण तयार गरी सम्वन्धित निकायमा पठाईएको ।
३. जिल्ला निर्वाचन कार्यालय – ७७ र विकास साझेदार संस्थाहरुको समेत सहभागितामा आर्थिक वर्ष २०७६/७७ को वार्षिक समीक्षा कार्यक्रम सम्पन्न गरिएको।
४. आयोगको वेबसाइट (www.election.gov.np), इमेल प्रणाली (mail. election. gov.np) र अन्य पब्लिक उप-डोमेनहरु (result.election.gov.np, ieims.election.gov.np) को सर्भर र प्रयोगकर्ताहरु बीच सुरक्षित तवरले सूचना आदान प्रदान सर्भरहरुमा Secure Socket Layer (SSL) सर्टिफिकेटको Setup तथा Configuration गरिएको।
५. डाटा सेन्टरमा रहेका नेटवर्किंग केवल र सर्भरलाई व्यवस्थित गर्ने सम्बन्धी कार्य गरिएको ।
६. आयोगवाट प्रकाशित प्रतिवेदन, स्मारिका, स्रोत पुस्तिका, कानुन, प्रेस विज्ञप्ति, सूचना लगायतका विवरणहरु वेबसाइट तथा सामाजिक संजालमा राखिएको।
७. दैनिक आर्थिक कारोबार तथा मासिक प्रतिवेदनहरू तयार गरी सम्बन्धित निकायमा पेश गरिएको ।
८. वित्तीय सुधार तथा बेरुजु फछ्यौंट कार्यान्वयन र अनुगमन कार्यक्रममा भएको व्यवस्था अनुसारको बेरुजु फछ्यौंट कार्यलाइ निरन्तरता दिई अन्तर्गतका निकायहरुमा बेरुजु फछ्यौंट गराउने गरिएको।
९. विभिन्न जिल्ला निर्वाचन कार्यालयहरुमा फोटोसहितको मतदाता नामावली संकलन फाराम पठाइएको ।
१०. आयोगको सचिवालय र अन्तर्गतका कार्यालयका कर्मचारीको आर्थिक वर्ष २०७६/७७ को कार्यसम्पादन मुल्याङ्कन फारम दर्ता गरी सुपरिवेक्षक समक्ष पेश गरिएको।
११. आयोगको सचिवालयमा कार्यरत करारका कर्मचारीहरुको आर्थिक वर्ष २०७६/७७ सम्पति विवरण अभिलेख गरिएको।
१२. आयोगको बार्षिक तथा शासकीय सुधार तथा सुशासन सम्बन्धी प्रतिवेदनका लागि प्रारम्भिक कार्य भईरहेको।
१३. सूचनाको हक सम्बन्धी ऐनमा भएको व्यवस्था बमोजिम प्रत्येक कार्यालयले सार्वजानिक गर्नुपर्ने कार्यालयका गतिविधि सम्बन्धी जानकारी (Proactive disclosure) अन्तर्गत आयोगको तेस्रो चौमासिक प्रतिवेदन आयोगको वेभ साइटमा प्रकाशित गरिएको।
१४. निर्वाचन प्रक्रियाको स्क्रिप्ट तथा सो बमोजिम तयार पारिएका Animation Video आयोगबाट स्वीकृत भएको ।
१५. निर्वाचन प्रश्नोत्तर (FAQ) को मस्यौदाथि आयोगका पदाधिकारी र कर्मचारीहरुबीच छलफल गरी प्रश्न र उत्तर तयार पार्ने कार्यहरु जारी रहेको।

"स्वतन्त्र र निष्पक्ष निर्वाचन: राष्ट्को गौरव"
" Free and Fair Election: Pride of Nation"
कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्यक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np

प.सं. च.नं./Ref.:

१६. सूचना अधिकारी मार्फत प्रदान गरिने सूचनाहरु निरन्तररुपमा प्रदान गरिएको एवम् पुस्तकालयबाट नियमितरुपले सेवा प्रवाह भईरहेको।

१७. "राष्ट्रिय जनता पार्टी नेपाल" र "समाजवादी पार्टी" नामक राजनीतिक दल एकीकरण गरी "जनता समाजवादी पार्टी, नेपाल" नामको राजनीतिक दल दर्ता गर्ने निर्णय गरिएको ।

१८. प्रतिनिधि सभा सदस्य समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत जनता समाजवादी पार्टी, नेपालको तर्फबाट खस आर्य समावेशी समूह अन्तर्गत निर्वाचित हुनु भएका श्री सरिता गिरी पदमुक्त भई रिक्त रहेको प्रतिनिधि सभा सदस्य पदमा लिला देवी सिटौला निर्वाचित भएको घोषणा गरिएको ।

१९. राजनीतिक दलको स्वमूल्यांकन कार्यविधिको मसौदा गर्ने कार्य भैरहेको।

२०. राजनीतिक दलको दर्ता तथा वित्तिय व्यवस्थापनको सूचना प्रविधि कार्य प्रणाली कार्यविधिको मसौदामा छलफल गरी तयारी गर्ने कार्य भइरहेको।

२१. निर्वाचन आयोग विधेयकको मसौदा गर्ने कार्य भइहेको।

२२. आयोगको सचिवालय र जिल्ला निर्वाचन कार्यालयका कर्मचारीहरुको आचार संहिताको मसौदा गर्ने कार्य भइरहेको।

२३. आयोगमा दर्ता कायम भएको आधुनिक नेपाल पार्टी नामक राजनीतिक दलको नाम परिवर्तन गरी आधुनिक नेपाल समाजवादी पार्टी तथा राष्ट्रिय प्रजातन्त्र पार्टी (लोकतान्त्रिक) नामक राजनीतिक दलको नाम परिवर्तन गरी राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल कायम गरिएको।

२४. रिट निवेदक सरिता गिरी र विपक्षी यस आयोग समेत भएको रिट नं ०७६- WO- ११०९ को उत्प्रेषण मुद्दाको लिखित जवाफ महान्यायाधिवक्ताको कार्यालय मार्फत सम्मानित सर्वोच्च अदालतमा दर्ता गरिएको।

२५. निर्वाचनसँग सम्बन्धित नीतिको अध्ययन, अनुसन्धान तथा विश्लेषण सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पत्राचार गरिएको ।

२६. निर्वाचन प्रक्रियामा वैदेशिक सहायता सम्बन्धमा अर्थमन्त्रालयलाई पत्राचार गरिएको ।

२७. लैङ्गिक तथा समावेशी नीति २०७७ को मसौदामा राय सुझावका लागि विभिन्न निकाय तथा राजनीतिक दलहरुलाई पत्राचार गरिएको ।

२८. आर्थिक वर्ष २०७६/०७७ को आयोगको वार्षिक प्रतिवेदन तयारीको कार्य भईरहेको ।

२९. विक्रम सम्वत् २०७७ श्रावण र भाद्र महिनामा जिल्ला निर्वाचन कार्यालय - ७७ वाट महिला- ४९५३ र पुरुष - २४४० गरी जम्मा ७३९३ जना मतदाताहरुको नाम मतदाता नामावलीमा दर्ता भएको ।

३०. वार्षिक बजेट कार्यक्रम कार्यान्वयन कार्ययोजना तयार गरिएको ।

३१. मतदान स्थल तथा केन्द्र निर्धारण सम्बन्धी कार्यविधि, २०७७ को मसौदा तयार गरिएको ।

३२. निर्वाचन सञ्चालन दिग्दर्शन तयारी अन्तिम चरणमा पुगेको ।

३३. ३८ जिल्लाका ८६ वटा स्थानीय तहका १७५ वडामा दलित महिला सदस्य रिक्त हुनुको कारण सहितको विवरण प्राप्त गरिएको ।

३४. जिल्ला निर्वाचन कार्यालयहरुमा संकलन गरिएका मतदाता नामावली विवरण केन्द्रीय सर्भरमा एकीकृत गर्ने कार्य भइरहेको ।


कान्तिपथ, काठमाडौँ, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np

३५. जिल्ला निर्वाचन कार्यालयहरुवाट प्राप्त भएका विवरणहरु CVLA Server मा integration सम्बन्धी कार्य भइरहेको ।

३६. आयोगको इन्टरनेट तथा सूचना प्रविधि सम्बन्धी प्रणाली तथा उपकरणहरुको नियमित मर्मत सम्भार तथा संचालन सम्बन्धी कार्य गरिएको ।

३७. निर्वाचन आयोगले नेपालको संविधानको धारा २६९ तथा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४ बमोजिम "नेपाल कम्युनिष्ट पार्टी (एकिकृत मार्क्सवादी-लेनिनवादी)" नामको राजनीतिक दल दर्ता गरि सोही दफाको उपदफा (५) को प्रयोजनका लागि यो सूचना प्रकाशन गरिएको ।

३८. महान्यायाधिवक्ताको कार्यालय नेपालको च.नं. ८५९ मिति २०७७/४/२३ को सरकारी पक्षको प्रतिरक्षा थप प्रभावकारी बनाउने सम्बन्धी विषयमा सबै जिल्ला निर्वाचन कार्यालयलाई परिपत्र गरिएको ।

३९. नेपालको संविधान,निर्वाचन आयोग ऐन, २०७३ तथा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ मा भएको व्यवस्थाको स्मरण गराउँदै आयोग र राजनीतिक दलबीचको समन्वय र सहकार्यलाई अझ सुदृढ र प्रभावकारी बनाउन दलसँग सम्बन्धित विभिन्न विषयका विवरण उपलब्ध गराई दिनका लागि यस आयोगमा दर्ता कायम रहेका १३१ वटै राजनीतिक दललाई स्मरण पत्र पठाइएको ।

४०. आयोगका कर्मचारीहरुका लागि सञ्चालन गरिने अनलाईन तालिम सम्बन्धी UNDP/ESP को सहकार्यमा अवधारणा पत्रको मस्यौदा तयार गरिएको ।

४१. खर्च भएर नजाने र खर्च भएर जाने जिन्सी खातामा रहेका सामग्रीको विवरण PAMS (Public Assets Management System) मा इन्ट्री गर्ने काम भैरहेको ।

४२. कर्मचारीहरुको आर्थिक वर्ष २०७६/०७७ को कार्य सम्पादन मूल्याङ्कन सम्बन्धी कार्य सम्पन्न भएको ।

४३. लैङ्गिक तथा समावेशी नीति २०७७ को मसौदामा राय सुझावका लागि राज्य व्यवस्था तथा सुशासन समिति, संवैधानिक आयोग र अन्य सरोकारवाला निकायसँग अन्तरक्रिया कार्यक्रम संचालन गरिएको ।

४४. उपनिर्वाचन २०७६ भएका ३७ जिल्ला र राष्ट्रिय सभा सदस्य निर्वाचन भएका ७ जिल्लामा कागजात धुल्याउने सम्बन्धी विवरण उपलब्ध गराउन पत्राचार गरिएकोमा सम्बन्धित जिल्लाहरुबाट विवरण प्राप्त भईरहेको ।

४५. फोटो सहितको मतदाता नामावली दर्ता कार्यमा सहजीकरण र समन्वय गरिदिने सम्बन्धी पत्र गृह मन्त्रालय र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा पठाईएको ।

४६. आयोगबाट स्वीकृत भएको मतदाता प्रमाणित गर्ने ढाँचा च.नं. नामावली /२.१/१४, मिति २०७७/६/१८ गतेको पत्रबाट ७७ बटै जिल्ला निर्वाचन कार्यालयमा पठाईएको ।

४७. स्थानीय तहमा रिक्त रहेका पदको विवरण उपलब्ध गराउने सम्बन्धमा ७७ बटै जिल्ला निर्वाचन कार्यालयमा पत्राचार गरिएकोमा विवरण प्राप्त भईरहेको ।


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np

प.सं. च.नं. / Ref:

४८. म.ले.प.बेरुजु तर्फ आर्थिक वर्ष ०७६/०७७ सम्मको बाँकी बेरुजु रु.२,४९,११७ हजार मध्ये यस महिना सम्ममा रु १६,६६२ हजार सम्परीक्षणको लागि पठाइएकोमा रु ४३८ हजार सम्परीक्षण भएको ।वित्तीय सुधार तथा बेरुजु फछ्र्यौट कार्यान्वयन र अनुगमन कार्यक्रममा भएको व्यवस्था अनुसारको बेरुजु फछ्र्यौट कार्य जारी रहेको।

४९. मतदाता नामावली सम्बन्धि विवरणहरु जिल्लागत रुपमा छुट्टयाउने (Data Segregation ) सम्बन्धि कार्य भएको।

५०. राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा १० बमोजिम **"राष्ट्रिय प्रजातन्त्र पार्टी (संयुक्त)"** र **राष्ट्रिय प्रजातन्त्र पार्टी** नामक दलहरु बीच आयोगको मिति २०७७/६/२१ को निर्णय बमोजिम **"राष्ट्रिय प्रजातन्त्र पार्टी"** को नाममा एकीकरण भएको सूचना तथा "निर्वाचन आयोगमा कार्यरत कर्मचारीहरूको आचारसंहिता, २०७७" सम्बन्धी सूचना राजपत्रमा प्रकाशन गर्ने प्रयोजनका लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा सूचना सम्पादनका लागि पठाईएको।

५१. आयोगको बैंठक संख्या २२ मिति २०७७/६/१८ को बैठकबाट "निर्वाचन आयोगमा कार्यरत कर्मचारीहरुको आचारसंहिता २०७७" स्वीकृत भई लागू भएको।

५२. निवेदक नेपाल कम्युनिष्ट पार्टी (संयुक्त) को तर्फबाट केन्द्रीय महासचिव र विपक्षी यस आयोग भएको मुद्दा नं ७६- WO- ४७९ सम्बन्धी सक्कलै फायल सम्मानित सर्वोच्च अदालतमा पठाईएको ।

५३. आयोगको बैठक संख्या २३ मिति २०७७/६/२१ को निर्णय अनुसार यस आयोगको दल दर्ता किताबमा दर्ता नं १४८ मा अभिलेखीकरण भएको **"राष्ट्रिय प्रजातन्त्र पार्टी (संयुक्त)"** र दर्ता नं १६ मा अभिलेखीकरण भएको **राष्ट्रिय प्रजातन्त्र पार्टी** नामक दलहरु बीच **"राष्ट्रिय प्रजातन्त्र पार्टी"** को नाममा एकीकरण भई दल दर्ता किताबको दर्ता नं १६ मा अभिलेख अद्यावधिक गरिएको।

५४. रिट निवेदक जानकी देवी महरा र विपक्षी यस आयोग समेत भएको रिट नं. ०७७-wo-०१७२ को उत्प्रेषणयुक्त परमादेश मुद्दाको लिखित जवाफ मिति २०७७/०६/१९ मा महान्यायाधिवक्ताको कार्यालय मार्फत सम्मानित सर्वोच्च अदालतमा दर्ता गरिएको।

५५. आयोगको मिति २०७७/६/२९ को सचिवस्तरबाट "दल एकीकरण वा गाभिएमा सो एकीकरण वा गाभिने निर्णयको जानकारी नियमित रूपमा संघीय संसद सचिवालय, प्रदेश सभा सचिवालय र जिल्ला निर्वाचन कार्यालयहरूमा सो जानकारी पठाउने" निर्णय भए अनुसार आयोगको मिति २०७७/४/२४ को निर्णय बमोजिम **"जनता समाजवादी पार्टी, नेपाल"** एकीकरण भएको तथा आयोगको मिति २०७७/६/२१ को निर्णय बमोजिम **"राष्ट्रिय प्रजातन्त्र पार्टी"** एकीकरण भएको जानकारी संघीय संसद सचिवालय, प्रदेश सभा सचिवालय र सबै जिल्ला निर्वाचन कार्यालयहरूमा पठाईएको ।


कान्तिपथ, काठमाडौँ, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np

प.सं. च.नं. /Ref:

५६. मिति २०७७/६/२५, २६ र २७ गते आयोगमा नयाँ पदस्थापन भएका शाखा अधिकृत तथा ४३ जिल्लाका जिल्ला निर्वाचन अधिकारीहरुका लागि अनलाईन प्रणालीद्वारा निर्वाचन सञ्चालन तथा व्यवस्थापन अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको

५७. ३७ जिल्लामा सम्पन्न प्रतिनिधि सभा, प्रदेश सभा तथा स्थानीय तहको उपनिर्वाचन, २०७७को सन्दर्भमा सञ्चालित निर्वाचन सहायक, निर्वाचन अधिकृत तथा मतदान अधिकृत, सहायक मतदान अधिकृत र मतदाता शिक्षा कार्यकर्ताहरुको तालिमका सहभागी तथा सहजकर्ताहरुको विवरण तयार गर्ने कार्य सम्पन्न भएको ।

५८. स्थानीय तह निर्वाचन, २०४९ र २०५४ को राजनीतिक दलगत निर्वाचन परिणाम कम्प्यूटराइज्ड गरी अभिलेख गरिएको ।

सूर्य प्रसाद अर्याल
सूचना अधिकारी


कान्तिपथ, काठमाडौँ, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्यक्सः (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np